गण्डकी प्रदेश सरकार
उद्योग तथा पर्यटन मन्त्रालय र
सामाजिक विकास, युवा तथा खेलकुद मन्त्रालय
एकीकृत सेवा कार्यालय
गोरखा, नेपाल
☎०६४४२०२२९/९८५६०४०२२९

पत्रसंख्याः ०८२।८३
च. नं.: 66

## सहायता सामग्री माग गर्ने सूचना !

प्रथम पटक प्रकाशित मितिः २०८२।०७।२७

यस जिल्ला भित्र रहेका अपाङ्गता भएका ब्यक्तिहरुको लागि सहायता सामग्री वितरण गर्ने कार्यक्रम रहेको हुँदा मितिः २०८२।०८।१७ गते भित्र अपाङ्गता परिचयपत्र संलग्न गरी रितपूर्वक कार्यालयले तोकेको ढाँचामा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

संलग्न गर्नुपर्ने कागजातहरु:

१. सम्बन्धित ब्यक्तिको निवेदन
२. नागरिकताको प्रतिलिपि
३. अपाङ्गता परिचयपत्रको प्रतिलिपि
४. सम्बन्धित वडा कार्यालयको सिफारिस

**(स्थानीय तहहरुमा क्रियाशिल स्थानीय तह अपाङ्ग समन्वय समितिको सिफारिसलाई र गत आ.व मा सहायता सामाग्री प्राप्त नगरेका व्यक्तिहरुलाई प्राथमिकता दिइनेछ।)**

निवेदन दिने तरिका:

१. निवेदनको ढाँचा कार्यालयको वेभसाइट www.sdogorkha.gandaki.gov.np बाट समेत डाउनलोड गर्न सकिनेछ
२. निवेदन कार्यालयको इमेल sdogorkha@gmail.com मा पठाउन सकिनेछ।
३. कार्यालयमा भौतिक रुपमा उपस्थित भई निवेदन पेश गर्न सकिनेछ ।

पुनश्चः हाल गोरखा जिल्लामा क्रियाशिल अपाङ्गता भएका ब्यक्तिहरुको क्षेत्रमा काम गरिरहेका संघ/संस्थाहरुले एकमुष्ट रुपमा निवेदन संलग्न गरी पठाउन सक्नुहुनेछ ।

थप जानकारिका लागि यस कार्यालयको फोन नं. ०६४४२०२२९ मा सम्पर्क राख्न सक्नु हुनेछ।

कार्यालय प्रमुख
सामाजिक विकासतर्फ
दशरथ शर्मा